महान्यायाधिवक्ताको कार्यालयको दोश्रो पञ्च वर्षिय रणनीतिक योजना २०७२/२०७७ ले परिलक्षित गरेको रणनीति बमोजिम माननीय महान्यान्याधिवक्ता ज्यूको अध्यक्षतामा वसेको २०७५/५/६ गतेको वैठकबाट मुलुकी फौजदारी संहिता, २०७४ को अनुसूचि १ र २ अन्तर्गतका कसूर सम्वन्धी मुद्दाको अनुसंधान र अभियोजनसंग संलग्न निकायहरुका बीचमा आवश्यक्तानुसार समन्वय कायम गर्न उच्च सरकारी वकील कार्यालयहरुमा समेत समन्वय समिति स्थापना गरि समस्यामूलक विषयमा छलफल गर्ने भन्ने निर्णय बमोजिम यस उच्च सरकारी वकील कार्यालय पाटनमा देहाय बमोजिम समन्वय समिति गठन गरिएको छ ।

(क) सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय पाटन - संयोजक
(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य
(ग) सम्वन्धित संघिय प्रहरी इकाई कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी अधिकृत - सदस्य
(घ) सहन्यायाधिवक्ताले तोकेको अधिकृतस्तरका कर्मचारी - सदस्य सचिव

उपरोक्तानुसार गठन भएको समन्वय समितिको २०७६/१/२९ मा देहाय बमोजिम पदाधिकारीको उपस्थितिबाट निम्न निर्णय गरियो

**उपस्थिति**

| क्र.सं. | नाम, थर | | समन्वय समिति | हस्ताक्षर |
|---|---|---|---|---|
| (क) | सहन्यायाधिवक्ता लोकराज पराजुली | - | संयोजक | |
| (ख) | सहायक प्रमुख जिल्ला अधिकारी खिमराज भुसाल, जिल्ला प्रशासन कार्यालय | - | सदस्य | |
| (ग) | वरिष्ठ प्रहरी उपरिक्षक विमल राज कंडेल, महानगरीय प्रहरी कार्यालय रानीपोखरी | - | सदस्य | |
| (घ) | उपन्यायाधिवक्ता कृष्णमोहन कोइराला | - | सदस्य सचिव | |

## निर्णय

१. समितिको पहिलो वैठक भएकोले केन्द्रीय समन्वय समितिको वैठकबाट प्राप्त कार्यादेश सवै पदाधिकारीहरुलाई जानकारी गराई समितिलाई क्रियाशिल गराउने निर्णय गरियो ।

२. २०७६ बैशाख २ गते सम्मानिय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भएको फौजदारी कार्यविधि संहिता, २०७४ को पहिलो संशोधनबाट अनुसन्धान/अभियोजन गर्ने सम्वन्धमा दफा ३२ मा थप भएको व्यवस्था अनुसार फरार अभियुक्तको हकमा निजको आर्थिक गतिविधि र सम्पत्तिका सम्वन्धमा समेत अनुसंधान गरि राय साथ पेश गर्ने, नैतिक पतन देखिने फौजदारी अपराधका सम्वन्धमा समेत अनुसंधानबाटै यकिन गरि राय सहित पठाउने र स्पष्ट मागदावी गरि अभियोजन गर्ने व्यवस्था सहितको संशोधन अनुसार गर्न/गराउन मातहत निकायहरुमा कार्यरत अनुसंधान अधिकृतहरुलाई निर्देशनका लागि पठाउने निर्णय गरियो ।

३. सवै तहका अदालत/न्यायिक निकायहरुबाट पत्राचार गरि माग भएका कुराहरु यथासमयमा उपलव्ध गराउने, पत्र बमोजिमको काम सम्पन्न भईसकेको अवस्था भए सोही व्यहोराको जानकारी उपलव्ध गराउने र सम्पन्न गराउन नसकिने अवस्था भए सो को उचित कारण सहित समयमा नै जानकारी गराउन मातहतका कार्यालय र सम्वन्धित निकायमा निर्देशन दिने निर्णय गरियो ।

४. संवैधानिक र कानूनी व्यवस्था अन्तर्गत दायर भएका रीट सम्वन्धी निवेदनको लिखित जवाफमा विपक्षि वनाइएका निकायहरुबाट स्पष्ट रुपमा खुलाई सम्वद्ध कागज प्रमाण सहितको लिखित जवाफ र वहस फायल तयार गरि समयमा नै उपलव्ध गराउने गरि निर्देशित गर्ने निर्णय गरियो ।

५. समितिको अर्को वैठक २०७६ श्रावण महिनामा वस्ने (सो भन्दा अगावै वैठक वस्न आवश्यक परेको अवस्थामा वाहेक) निर्णय गरियो ।